# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २० मार्च २०२५

समय: १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- मुख्यमन्त्री ममता बनर्जी 21 मार्चको दिन लंदन प्रस्थान गर्नुहुनेछ, मुख्यमंत्रीले भाजपा अनि वाम दलमाथि भ्रमण अघि उहाँको छवि खराब गरेको आरोप लगाउनु भएको छ।

- गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष मन घिसिङले आज एक प्रेस बिज्ञप्ति जारी गर्दै जनजातिको मुद्दालाई पार्टीले निरन्तर अघि बढाइरहेको इतिहास स्मरण गराउनु भएको छ।

- खरसाङ नगरपालिकाले क्षेत्रमा हाउजिङ फर अल योजना अन्तर्गत 2015-16 देखि 2021-22 सम्मको सम्पूर्ण विवरण आज एक पत्रकार सम्मेलन मार्फत जानकारी गराएका छन्।

- सिलीगुड़ी महकमाको फांसीदेवामा जयंतीका चियाबागानका असिस्टेंट मैनेजरको निर्मम हत्या गरिएको छ।

- सिङबली चियाबारी अन्तर्गतको मन्जु डिभिजनका चिया श्रमिकहरुले आज चियाबारी कार्यलय परिसरमा धरना तथा सभाको आयोजना गरेको छ।

**मुख्यमंत्री विदेश भ्रमण**

पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जीले आज भाजपा अनि वाम दलमाथि उहाँको लंदन भ्रमणलाई लिएर उहाँको छवि खराब गरेको आरोप लगाउनु भएको छ। उहाँले भन्नुभयो, कुनैपनि नेताको विदेश यात्राअघि उनीमाथि हमला गर्नु देशको छबिलाई नोक्सान पुराउनु हो| मुख्यमन्त्री ममता बनर्जी 21 मार्चको दिन लंदन प्रस्थान गर्नुहुनेछ जहाँ 27 मार्चमा ऑक्सफोर्ड विश्वविद्यालयमा उहाँको व्याख्यान निर्धारित गरिएको छ। यस यात्रा अवधि राज्यमा निवेशलाई बढ़ावा दिन हेतु उहाँले 25 मार्चको दिन उद्योगपतिहरुसित भेट गर्नुहुनेछ| मुख्यमंत्री भन्नुभयो, राजनीतिक मतभेद हुनुसक्छ तर कुनै नेताको विदेश भ्रमण अघि उनको छवि खराब गर्नाले देशको प्रतिष्ठाका लागि हानिकारक हो। उहाँले विपक्षी दलहरूलाई कटाक्ष गर्दै ईर्ष्याको कुनै उपचार नभएको बताउनु भयो| आफ्नो सप्ताहब्यापी विदेश भ्रमण अवधि प्रशासनिक कार्यलाई सुचारू संचालनका लागि मुख्यमंत्रीले पांच सदस्यीय टास्क फोर्स अनि मंत्रिहरुको एक समूह (जीओएम) गठित गर्नुभएको छ। उहाँ 28 वा 29 मार्च कोलकाता फर्कन सक्ने बताइएको छ।

****** ० ******

**पश्चिम बंगाल विधानसभा**

पश्चिम बंगाल विधानसभामा आज भारतीय जनता पार्टीका विधायकहरुले कोलाहल मचाएको छ। उनीहरुले सदनमा कालो झन्डा देखाउदै विधानसभा अध्यक्ष बिमान बनर्जीको राजिनामाको मांग गरे।सदनको कार्यवाही शुरू हुनसाथ विपक्षी भाजपा विधायकहरुले अध्यक्षमाथि पक्षपातपूर्ण व्यवहार गरेको आरोप लगाउदै नाराबाजी शुरु गरे|

उनीहरुले सदनमा लोकतंत्रको हत्या भइरहेको आरोप लगाए।कोलाहल बीच सदनमा अनुपूरक अनुदान विधेयकमाथि चर्चा शुरू गरियो तर भाजपा विधायकहरुले नाराबाजी जारी राखे।

****** ० ******

**प्रेस विज्ञप्ति मन घिसिङ**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष मन घिसिङले आज एक प्रेस बिज्ञप्ति जारी गर्दै जनजातिको मुद्दालाई पार्टीले निरन्तर अघि बढाइरहेको इतिहास स्मरण गराउनु भएको छ। पार्टीको संस्थापक अध्यक्ष सुवास घिसिङले ९ अप्रिल २००५ मा केन्द्रीय जनजाति मामिला सम्बन्धि अध्यक्ष कुवर सिंहलाई र १ जुन २००५ मा भूतपूर्व न्यायमूर्ति एवं राष्ट्रिय पिछडावर्ग आयोग, सामाजिक न्याय तथा सशक्तिकरण मन्त्रालयका अध्यक्ष राम सुरत सिंहलाई पत्राचार गर्दै छुट्टिएका गोर्खा जातिहरूलाई १९३१ को जनगणना अनुरुप पुनः जनजातिको मान्यता दिन भारत सरकारलाई तत्काल पहल गर्न आग्रह गरेको कुरा बिज्ञप्तिमा उल्लेख गरिएको छ। बिज्ञप्तिमा अझ भनिएको छ बर्ष २०१९ को लोकसभा चुनावमा भारतीय जनता पार्टी (भाजपा) को संकल्प पत्रमा गोर्खाहरूको दीर्घकालीन मुद्दा — स्थायी राजनैतिक समाधान र छुट्टिएका सम्पूर्ण गोर्खा जनजातिलाई मान्यता दिने विषयलाई संकल्प पत्रमा समावेश गराउनमा गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो। यसका साथै श्री घिसिङले भारत सरकारले छुट्टिएका सम्पूर्ण गोर्खा जातिहरूलाई चाँडै नै जनजातिको मान्यता प्रदान गर्नेमा आशा व्यक्त गरेको छ।

****** ० ******

**नीरज तामाङ जिम्बा**

अर्कोतिर दार्जिलिङका विधायक नीरज तामाङ जिम्बाले पनि छुटेका गोर्खा र सिक्किमेली जनजातिहरूको ST सूचीमा तत्काल समावेशीकरणको माग गर्दै एक प्रेस बिज्ञप्ति जारी गर्नु भएको छ। श्री जिम्बाले ११ वटा छुटेका गोर्खा पहाडी जनजातिहरू र १२वटा सिक्किमेली पहाडी जनजातिहरूलाई अनुसूचित जनजाति (ST) सूचीमा समावेश गर्न राष्ट्रिय अनुसूचित जनजाति आयोग (NCST) लाई पत्र लेख्दै विलम्बको कारणबारे तुरुन्त छानबिन गर्ने माग गर्नु भएको छ।जिम्बाले नीतिगत असंगति र ब्युरोक्रेटिक ढिलाइ को कारण यी आदिवासी समुदायहरू संवैधानिक अधिकारबाट वञ्चित भइरहेका उल्लेख गर्नुभएको छ। उहाँले ST वर्गीकरणको अन्योलता औंल्याउँदै, समान सामाजिक-सांस्कृतिक विशेषता भएका केही समुदायलाई ST दर्जा दिइएको भए पनि अन्यलाई कुनै ठोस कारणबिना बहिष्करण गरिएको बताउनु भएको छ।NCST को संवैधानिक जिम्मेवारी स्मरण गराउँदै, जिम्बाले समस्या समाधानका लागि समय-सीमा तोकी कारबाही अघि बढाउन माग समेत गर्नुभएको छ।

****** ० ******

**लङभ्यु चियाबारी १**

लङभ्यु चियाबारीमा लागेको आगो 48 घण्टापछि पुर्ण रुपमा नियन्त्रण गरिएको छ। यस आगलागीमा चियाबारीसहित श्रमिकहरुको सरसामान पनि जलेर नष्ट भएको आशंका व्यक्त गरिएको छ। यस आगलागी प्राकृतिक नरहेको आशंका गर्दै जोइन्ट फोरमले जाँचको माग गरेको छ अर्कोतिर लङभ्युका कतिपय सरोकारवालाहरुले राजनीतिक दलहरुलाई लङभ्युको मुद्दामा राजनीति नगर्ने आवहन गरेको छ

****** ० ******

**लंगभ्यु चियाबारी २**

पंखाबारी लङ्भ्यु अम्बटे समष्टि कार्यकारी सभासद कल्पना प्रधानले लङ्भ्यु चियाबारीमा मङ्गलबार लागेको आगोले क्षतिग्रस्त भएको चियाबारीको निरिक्षण गर्न लङ्भ्यु चियाबारीको भ्रमण गर्नुभयो। भ्रमणपछि उहाँले क्षतिग्रस्त चियाबोटहरूको अवस्था देखेर आफूलाई धेरै दु:ख लागेको साथै लङ्भ्यु चियाबारीमा आगो लागेको खबर पाउन साथ आफूले एसडीओ खरसाङ साथै अग्निशमन विभाग खरसाङलाई पनि सम्पर्क गरेको बताउनु भयो। प्रधानले यति ठूलो

आगोलागीलाई नियन्त्रण गर्न सहयोग गर्ने अग्निशमन विभाग, पुलिस प्रशासन, सन्त मेरिज तीन ग्राम पञ्चायत प्रधान मणिराज डुम्जन, उपप्रधान सन्तोष तामाङ साथै सम्पूर्ण ग्रामवासीहरूप्रति आभार व्यक्त गर्नुभयो।

****** ० ******

## साङमा टर्जम चियाबारी

साङमा टर्जम चियाबारी प्रबन्धन पक्षले "No Work, No Pay" (काम नगरे तलब नपाउने) नीति लागू गर्दै औपचारिक रूपमा सूचना जारी गरेको छ। चियाबारी व्यवस्थापनले श्रमिकहरूको उपस्थितिसँग सम्बन्धित विषयहरू, उत्पादकत्वमा आएको असर, र अन्य प्रशासनिक कारणहरू देखाउँदै उक्त निर्णय लिएको बताएको छ। प्राप्त जानकारी अनुसार, भोलि सम्पूर्ण श्रमिकहरूलाई एक विशेष सभामा बोलाइनेछ, जहाँ यस नीतिको प्रभाव, कारण र भावी कार्ययोजना बारे विस्तृत छलफल गरिनेछ। सो भेलामा श्रमिक प्रतिनिधि, व्यवस्थापन पक्ष, तथा सम्बन्धित निकायहरू उपस्थित हुने अपेक्षा गरिएको छ।

****** ० ******

## प्राथमिक स्वास्थ्य केन्द्रको माग

रिम्बिक लोधोमा समष्टि अन्तर्गतको प्रसिद्ध पर्यटकीय स्थान सन्दकफु फालुटमा पनि दिनोदिन पर्यटकको आगमन बढ्दो छ, अप्रेल महिनाको मध्यतिर यहाँका होमस्टेहरुहरुमा आगन्तुकहरु व्यापक रुपमा देखिनु थालेको छ। तर भारत नेपाल सिमामा अवस्थित समुन्द्र तलदेखि ११,९२९ फिटमा अवस्थित सन्दकपु क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रको माग भइरहेको छ। बिशेषगरि देश तथा बिदेशका पर्यटकहरुलाई यस उचाइमा अधिक समस्या देखिने गरेको कारण यस गम्भीर बिषयलाई सम्बोधन गर्न जिटिए सभाका पर्यटन बिभाग सक्रिय भइ कार्य गरिरहेको जानकारी क्षेत्रका सभासद तथा जिटिए पर्यटन बिभागका कार्यकारी सभासद नोर्देन शेर्पाले दिनु भएको छ। क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रको स्थापनाको पहल भइरहेको भन्दै उँहाले हालको निम्ति मोबाइल एम्बुलेन्सको व्यवस्था गरिएको जानकारी दिनु भयो। शेर्पाले पर्यटकहरुलाई आधारभूत स्वास्थ्य सुविधा प्रदान गर्न हेतु सिमा सुरक्षा बल अनि बन बिभागका कर्मचारीहरुसित समन्वय गरिरहेको बताउनु भयो। यसका साथै क्षेत्रमा कार्यरत बिभागका कर्मचारीहरुलाई स्वास्थ्य सम्बन्धित आधारभूत तालिम प्रदान गरिएको अनि क्षेत्रका लजहरुसाथै सवारी साधनहरुमा अनिवार्य रुपमा अक्सिजन सिलिन्डरहरु राखिएको जानकारी शेर्पाले दिनु भयो। अर्कोतिर होमस्टे तथा पर्यटन बिभागसित संलग्न रहेका स्थानीय प्रभु प्रधानले रिम्बिकदेखि सन्दकफुसम्म यात्रा गर्ने पर्यटकहरुलाई केही हदसम्म स्वास्थ्य सम्बन्धि आधारभूत सुविधा स्व:निर्भर दलहरुले पुराईरहेको जानकारी दिनुभयो। तथापि स्वास्थ केन्द्रको स्थापना राम्माम क्षेत्रमा भए धेरै सुविधा हुने विचार पनि उँहाले राख्नु भयो। स्मरण गराइन्छ गत केही बर्षदेखि क्षेत्रमा स्वास्थ्य सुविधा नभएको गुनासोहरु लगातार आइरहेका छन।

## बिदाई कार्यक्रम

सुचना अनि सांस्कृतिक बिभाग खर्साङले बिभागका कर्मचारी मोहनकुमार प्रधानलाई अवकाश ग्रहण गरेको अवसरमा बिदाई एंव सम्मान जनाएको छ। बिभागको कार्यलयमा आयोजित कार्यक्रममा सुचना एंव सांस्कृतिक बिभागका केन्द्रीय सह निदेशक बिमल राई अनि भानुकान्त घिसिङ उपस्थित थिए। प्रधान बिभागको संगीत संयोजक एंव बाँसुरी बाधकको रुपमा कार्यरत थिए। कार्यक्रममा बिभागका कलाकारहरुले गीत प्रस्तुत गरेका थिए।

****** ० ******

## खरसाङ नगरपालिका

खरसाङ नगरपालिकाले क्षेत्रमा हाउजिङ फर अल योजना अन्तर्गत 2015-16 देखि 2021-22 सालसम्मको सम्पूर्ण विवरण आज एक पत्रकार सम्मेलन बोलाएर जानकारी गराएका छन्। यस क्रममा खरसाङ नगरपालिकाको चेयरम्यान ब्रिगेन गुरुङले हाउजिङ फर अल योजना अन्तर्गत अहिलेसम्म 1789 जना लाभार्थीहरु रहेको र प्रत्येक लाभार्थीको घर निर्माणको लागि 74 करोड 42 लाख 24 हजार रुपियाँ सरकारबाट पाउनु पर्ने तर अहिलेसम्म सरकारबाट

24 करोड 34 लाख, 54 हजार 5 सय रुपियाँ मात्र प्राप्त भएको अनि 50 करोड 7 लाख 69 हजार 5 सय रुपियाँ पाउनु पर्ने जानकारी गराउनु भएको छ। उहाँले यस योजना अन्तर्गत सरकारबाट अहिलेसम्म केवल 32.713 प्रतिशत रकम मात्रै प्राप्त भएको भन्दै आरोपहरु लगाउनुभन्दा बरु विस्तृत जानकारी लिएको राम्रो भनी बताउनु भएको छ ।

****** ० ******

**असला संरक्षण समिति**

भारत नेपाल सिमामा अवस्थित ओकेटी गोदाधुरा निवासहरुले गत धेरै बर्षदेखि एतिहासिक मेची खोलामा असला माछाको संरक्षण गर्दै आएका थिए। असला, बुदुना माछा संरक्षण समितिले यो अभियानलाई निरन्तरता दिदै आएको थियो। तर कतिपय असामाजिक तत्वहरुले मंगलबार राती खोलामा माछा मारेको कारण समितिले दुख व्यक्त गरेको छ। समितिका सदस्यहरुले क्षेत्रलाई पर्यटकीय स्थलको रुपमा पहिचान गराउन असला माछाले ठुलो भुमिका निर्वाह गर्न सक्ने सम्भावना जताएका थिए। जैव विविधतालाई जगेर्ना गर्ने उद्देश्यसहित शुरु भएको अभियानका कारण पर्यटकहरु माछा हेर्न अनि खाना खुवाउन लालायित बनिरहेको समय माछा चोरी हुँदा स्थानीयहरुमा आक्रोश व्यप्त छ।

****** ० ******

**फांसीदेवामा हत्या**

सिलीगुड़ी महकमाको फांसीदेवामा जयंतीका चियाबागानका असिस्टेंट मैनेजरको निर्मम हत्या गरिएको छ । मृतक अलीपुरद्वार जिल्लाको हैमिल्टनगंज निवासी नीलांजन भद्र रहेका छन्। सूत्र अनुसार, आज दिउसो लगभग 12 बजे मृतक आफ्नो मोटरसाइकिलबाट बगानको सेक्शन- 12 बाट गइरहेको बेला चियाको बोट काट्ने धारिलो हतियारले हमला गरिएको थियो। हत्या कसले अनि कुन उदेश्यले गरिएको हो थाहा लाग्न सकेको छैन भने पुलिस घटनास्थल पुगी जाच गरिरहेको छ| सूत्र अनुसार, जयंतीका चिया बागान जयश्री समूहको एक बागान हो अनि बागानमा सामान्य कामकाज भैरहेको थियो।

****** ० ******

**मन्जु चियाबारी धरना**

सिङबली चियाबारी अन्तर्गतको मन्जु डिभिजनका चिया श्रमिकहरुले आज चियाबारी कार्यलय परिसरमा धरना तथा सभाको आयोजना गरेको छ। उक्त सभामा सम्पुर्ण राजनैतिक दलका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो भने उनीहरुले श्रमिक आन्दोलनलाई सहयोग पुराउने बचनबद्धता प्रकट गरेको जानकारी प्राप्त भएको छ। गत केही दिन अघि सिलगढीको श्रमिक भवनमा श्रम बिभागका एलसीले श्रमिक पक्ष अनि मालिक पक्षमाझ सभाको आयोजन गर्ने बचन दिएका थिए। सोही कुरालाई मध्यनजर गर्दै उक्त भनिएको सभा चाडै गराइनु पर्ने माग श्रमिकहरुको छ। आजको धरनाले द्विपक्षिय सभा नभएसम्म धरना यथावत रहने तथा आइतवारसम्म सभा नडाकिए सांकेतिक रुपमा रैली निकालिने जानकारी स्थानीय सुजन राईले दिनु भएको छ।

****** ० ******

**मौसम**

अलीपुर मौसम विभागले राज्यभरि मौसम खराब रहने चेतावनी जारी गरेको छ। दक्षिण बंगालमा बिहिबारदेखि आइतबारसम्म अनि उत्तर बंगालमा शुक्रवार देखि आइतबारसम्म आंधीसहित वर्षाको असर देखिने बिभागले जनाएको छ| उत्तर बंगालमा भोलिदेखि वर्षासहित आंधी-तूफानको संभावना छ। धेरै क्षेत्रमा असिना वर्षा हुन् सक्ने बताइएको छ। यहां 30 देखि 40 किलोमीटर प्रति घंटाको रफ्तारमा हावा चल्न सक्छ। शनिवार उत्तर बंगालको सबै जिल्लामा वर्षा हुन सक्ने पूर्वानुमान विभागको छ

****** ० ******